नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-०८-२२ गते।

# प्रेस विज्ञप्ति

## सूचना प्रणालीमा अनधिकृत पहुँच बनाई भ्रामक सन्देश फैलाउने व्यक्तिहरू पक्राउ

सरकारी सूचना प्रवाहका आधिकारिक विद्युतीय माध्यमहरूमा अनाधिकृत रूपमा पहुँच बनाई प्रचलित ऐन कानुन विपरीतका कार्यहरू हुने गरेको भन्ने विभिन्न माध्यमबाट यस ब्यूरोमा सूचना तथा निवेदन प्राप्त हुन आएको। अनुसन्धानको क्रममा प्राप्त सूचनाको बिशिष्टिकृत प्रविधिक विश्लेषण तथा अनुसन्धानको आधारमा यस ब्यूरोबाट विशेष अप्रेसन "Hackers Hunt" संचालन गरिएको। अप्रेसनको क्रममा जिल्ला ललितपुर महालक्ष्मी नगरपालिका-९, सानागाउँ बस्ने वर्ष २५ को विवेक महर्जन, कास्की जिल्ला पोखरा महानगरपालिका बस्ने वर्ष १७ को छोरेपाटन (परिवर्तित नाम) र बर्ष १५ को घारीपाटन (परिवर्तित नाम) ले अनधिकृत रूपमा सरकारी सूचना प्रवाहका आधिकारिक विद्युतीय माध्यममा अनधिकृत पहुँच पुऱ्याई विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को परिच्छेद-९ बमोजिमको कसुर गरेको खुल्न आएको हुँदा सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई जिल्ला प्रहरी कार्यालय कास्की समेतको सहयोगमा कास्की र काठमाडौंबाट निजहरूलाई पक्राउ गरी थप अनुसन्धान भई रहेको।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नबिन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक
(९८५१२८६७७२)